# *विद्यालय पूर्वाधार निर्माण (दुइकोठे भवन, कम्पाउण्ड वाल, शौचालय) साझेदारी कार्यक्रमका लागि प्रयोग गरिने*

# *सम्झौता फाराम*

## *आ.व. २०७७/७८*

| |
|---|
| विद्यालयको नाम : |
| ठेगाना : |
| खाता नं. |
| सम्पर्क नं. |
| बिद्यालय कोडः |
| इमेल ठेगानाः |

अनुदान प्राप्त उप कार्यक्रमहरु :

१.

२.

प्रदेश सरकार

लुम्बिनी प्रदेश

सामाजिक विकास मन्त्रालय

शिक्षा तथा सामाजिक विकास निर्देशनालय

**सामाजिक विकास डिभिजन कार्यालय**

रुपन्देही

# विद्यालय पूर्वाधार निर्माण साझेदारी कार्यक्रम अन्तर्गत निर्माणका लागि प्रयोग गरिने सम्झौता फाराम

(आ.व.२०७७/०७८)

**१. पृष्ठभूमि**

विद्यालय पूर्वाधार विकास सहयोग अनुदान कार्यक्रम अन्तर्गत ४ कोठे र २ कोठे विद्यालय भवन निर्माण, वास सुविधा सहितको शौचालय निर्माण, कम्पाउण्डवाल निर्माण, खानेपानीको व्यवस्था ,विद्यालयको मर्मत सम्भार गर्ने तथा छात्रावास निर्माण कार्यक्रम प्रमुख रुपमा रहेका छन् । उक्त कार्यक्रमहरुलाई प्रभावकारी रुपमा संचालन गर्न नीति नियम तर्जुमा गर्नका लागि प्रदेशस्तरमा सामाजिक विकास मन्त्रालयले भूमिका निर्वाह गर्नेछ भने सोको कार्यान्वयनका लागि शिक्षा तथा सामाजिक विकास निर्देशनालय र सामाजिक विकास डिभिजन कार्यालयको भूमिका प्रमुख रुपमा रहनेछ ।

**२. कार्य संचालन विधि /प्रक्रिया**

२.१.**विद्यालय व्यवस्थापन समिति/ विद्यालय भौतिक पूर्वाधार निर्माण उप समिति गठन गर्ने**

विद्यालयको भौतिक सुधार सम्बन्धी कार्यक्रम संचालनका लागि छनौट भएका विद्यालयहरुको निर्माण कार्यको व्यवस्थापन तथा संचालन गर्ने जिम्मा विद्यालय व्यवस्थापन समितिको हुनेछ । विद्यालय व्यवस्थापन समितिले आवश्यकता महसुस गरेमा अनुदान पाएको कार्यक्रमको सञ्चालन र व्यवस्थापनमा सहयोग पुग्ने गरी निर्माण उपसमिति गठन गरी काम गर्न सक्नेछ । यसरी उपसमिति गठन गर्दा विद्यालय व्यवस्थापन समिति, विद्यालय रहेको स्थानीय तह तथा वडाका जनप्रतिनिधिहरु तथा पछिडिएका वर्ग तथा क्षेत्रहरुका अभिभावकहरुको प्रतिनिधित्व हुने गरी आवश्यकता अनुसार एक छुट्टै भौतिक पूर्वाधार उप समिति समेत गठन गर्न सकिने छ ।

**२.२. लागत अनुमान अनुसार साझेदारी वा जनसहभागिता जुटाई निर्माण सम्पन्न गर्नुपर्ने ।**

विद्यालयको भौतिक पूर्वाधार निर्माणका लागि स्वीकृत दररेट अनुसार स्थानिय निर्माण सामग्रीहरुको समेत मूल्याङ्कन गरी लागत अनुमान तयार गरेर सामाजिक विकास डिभिजन कार्यालय समक्ष पेश गर्नु पर्नेछ । सामाजिक विकास डिभिजन कार्यालयले सो लागत अनुमान जाँच गरी स्वीकृत गर्नेछ ।

**२.३. विद्यालयहरुसंग सम्झौता गर्ने**

विद्यालयको भौतिक सुधार सम्बन्धि कार्यक्रम संचालनका लागि छनौट भएका विद्यालयहरुले सामाजिक विकास डिभिजन कार्यालयसंग संझौता गर्ने क्रममा स्थानीयस्तरबाट संकलन भएको निर्माण सामग्रीहरुको विवरण, विद्यालयको नाममा भएको जग्गाको लालपूर्जा वा गाँउपालिका/नगरपालिका/उप-महानगरपालिकाबाट प्राप्त सिफारिस सहित निवेदन पेश गर्नु पर्नेछ र उक्त निवेदनका साथ विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र विद्यालयका प्रधानाध्यापक संझौता गर्न आउनु पर्ने छ । निर्माण कार्यको दैनिक निरीक्षण तथा आवश्यक निर्माण सामग्रीहरुको व्यवस्थापन गर्ने जिम्मा विद्यालय व्यवस्थापन समितिको हुनेछ ।

**२.४. निर्माण कार्य गर्ने/गराउने :**

संझौता सम्पन्न भए पछि संझौतामा उल्लेखित सर्तहरु र कार्य तालिका अनुसार व्यवस्थापन समितिले सामाजिक विकास डिभिजन कार्यालय एवम् तोकिएका प्राविधिकहरुको निरीक्षण, अनुगमन र सहयोगका आधारमा ले-आवट देखि निर्माण कार्य सम्पन्न सम्मका कार्य सम्पादन गर्नु पर्नेछ ।

२.५.**विद्यालयको खातामा रकम जम्मा गरिदिने :**

निर्माण कार्यका लागि सम्झौता भएका विद्यालयहरुलाई सम्झौता भएपछि कुल बजेटको ३० प्रतिसत बजेट विद्यालयको बैङ्क खातामा पहिलो किस्तावापत निकासा दिइने छ । तोकिएको काम सम्पन्नगरी सो को जानकारी सम्बन्धित प्राविधिकलाई गराई रकम माग गरेपछि प्राविधिकहरुले पेश गरेको निरीक्षण प्रतिवेदनको आधारमा दोश्रो किस्ता वापत कुल बजेटको ३० प्रतिसत बजेट निकासा दिइने छ र तोकिएको सम्पूर्ण कार्य सम्पन्न भएपछि सम्बन्धित प्राविधिकहरुको सिफारिस सहित विद्यालयले कार्यसम्पन्न प्रतिबेदन पेश गरेमा बाँकी रकम विद्यालयलाई निकासा दिइनेछ ।

## ३. भौतिक पूर्वाधार निर्माणका क्षेत्रहरु

### ३.१. विद्यालय भवन निर्माण गर्ने

सामाजकि बिकास मन्त्रालयले विद्यालयका निम्ति तोकेको ४ कोठे र २ कोठे भवनको ड्रइङ डिजाइन र नक्सा अनुसार यो अनुदान प्राप्त गर्ने विद्यायलयहरुले भवन निर्माण गर्नुपर्ने छ । भवन निर्माणका लागि जग्गाको अभाव भएको र तोकिएको नर्म्सको आधारमा यस पूर्व निर्माण गरिएको विद्यालयको पूर्वाधारमा तल्ला थप्ने गरी भवन निर्माण गर्नु पर्ने अवस्थामा विद्यालयले सम्बन्धित इञ्जिनियर/ सव इञ्जिनियरबाट निरीक्षण गराइ सोको प्रतिबेदनका आधारमा प्राप्त अनुदान रकम भन्दा लागत कम नहुने गरी विद्यालयले सो कार्य गर्न सक्नेछ । यसरी हुने निर्माण कार्य भवन आचारसंहिता बमोजिम हुनु पर्नेछ । यसरी गरिने निर्माण कार्यको लागत इष्टिमेट प्राप्त अनुदान रकममा कम्तिमा १० प्रतिशत रकम बिद्यालयको वा सम्बन्धित स्थानीय तहको लागत सहभागिता हुने गरी तयार गरिएको हुनेछ ।

### ३.२. वास सुविधा सहितको सौचालय निर्माण गर्ने

वास सुविधा सहितको सौचालय निर्माण गर्नका लागि अनुदान प्राप्त गर्ने विद्यालयहरुले मन्त्रालयले तोकेको ड्रइङ डिजाइन र नक्साको आधारमा निर्माण कार्य गर्नु पर्नेछ । यसरी गरिने निर्माण कार्यको लागत इष्टिमेट प्राप्त अनुदान रकममा कम्तिमा १० प्रतिशत रकम बिद्यालयको वा सम्बन्धित स्थानीय तहको लागत सहभागिता हुने गरी तयार गरिएको हुनेछ ।

### ३.३. विद्यालयको कम्पाउण्ड वाल (पर्खाल) निर्माण गर्ने

सामाजिक विकास डिभिजन कार्यालयले तोकेको इञ्जिनियर/सव इञ्जिनियरबाट लगत इष्टिमेट र ड्रइङ डिजाइन गरी गराइ विद्यालयको कम्पाउण्ड वाल निर्माण गर्ने कार्य गर्नु पर्नेछ । यसरी गरिने निर्माण कार्यको लागत इष्टिमेट प्राप्त अनुदान रकममा कम्तिमा १० प्रतिशत रकम बिद्यालयको वा सम्बन्धित स्थानीय तहको लागत सहभागिता हुने गरी तयार गरिएको हुनेछ ।

**३.४. विद्यालयमा खानेपानीको व्यवस्था गर्ने**

यस शीर्षकमा अनुदान प्राप्त गर्ने विद्यालयहरुले सामाजिक विकास डिभिजन कार्यालयले तोकेको इञ्जिनियर/सब इञ्जिनियरबाट लगत इष्टिमेट र ड्रइङ डिजाइन गरी गराइ तोकिएको कार्य गर्नुपर्नेछ । यसरी गरिने निर्माण कार्यको लागत इष्टिमेट प्राप्त अनुदान रकममा कम्तिमा १० प्रतिशत रकम बिद्यालयको वा सम्बन्धित स्थानीय तहको लागत सहभागिता हुने गरी तयार गरिएको हुनेछ ।

**३.५. २ कोठे विद्यालय भवन निर्मार्णे**

यस शीर्षकमा अनुदान प्राप्त गर्ने विद्यालयहरुले शिक्षा विकास निर्देशनालयले तोकेको इञ्जिनियर/सब इञ्जिनियरबाट सम्वन्धित विद्यालयको योगदान रहने गरी लगत इष्टिमेट र ड्रइङ डिजाइन गराइ तोकिएको कार्य गर्नुपर्नेछ । यसरी गरिने निर्माण कार्यको लागत इष्टिमेट प्राप्त अनुदान रकममा कम्तिमा १० प्रतिशत रकम बिद्यालयको वा सम्बन्धित स्थानीय तहको लागत सहभागिता हुने गरी तयार गरिएको हुनेछ ।

**४. <u>विद्यालयले पालना गर्नुपर्ने अन्य शर्तहरु</u>**

४.१. विद्यालयले भौतिक पूर्वाधार विकास अन्तर्गत सम्पादन गरिने माथि उल्लेखित कार्यहरु मिति……………………देखि मिति …………………………सम्ममा तोकिएको अवधि भित्र सामाजिक विकास डिभिजन कार्यालयको निर्देशन अनुसार कार्य सम्पन्न गराउने दायित्व विद्यालय व्यवस्थापन समितिको हुनेछ । तोकिएको कार्य तोकिएको समयमा पूरा नगर्ने विद्यालयको अनुदान रकम शिक्षा विकास निर्देशनालयले भुक्तानी दिन बाध्य हुने छैन र भुक्तानी भइसकेको अवस्थामा नियमानुसार असुलउपर गर्न आवश्यक प्रक्रिया अपनाउनेछ ।

४.२. विद्यालय व्यवस्थापन समिति वा निर्माण सम्बन्धी उप समितिले भौतिक पूर्वाधार विकास सम्बन्धी कार्यको लागि एउटा छुट्टै रजिष्टर कायम गरी पूर्वाधार विकासका कार्यक्रममा खरिद भएका सामग्रीहरुको विवरण, खर्चको हिसाबका साथै विल, भौचर, दैनिक खर्चको विवरण र कामदारहरुको हाजिरी फारम विद्यालयमा सुरक्षित साथ राख्नु पर्नेछ । यस्ता कागजातहरु पेश नगर्ने विद्यालयहरुलाई अन्तिम किस्ता भुक्तानी दिइने छैन वा बैंक खातामा जम्मा गरिएको रकम रोक्का गरिने छ ।

४.३ यदि लेखा तथा निर्माण कार्यको रजिष्टर नराखिएमा वा निरीक्षण टोलीलाई हेर्न नदिएमा वा निर्माण कार्यको गुणस्तर सन्तोषजनक नभएमा यस्ता विद्यालयहरुमा निर्माण कार्य रोक्का गर्ने, खाताबाट रकम झिक्न अनुमति नदिने लगायतका कारवाहीका प्रकृया अघि बढाइने छ ।

४.४. प्रत्येक आ.व.मा भौतिक पूर्वाधार विकासको कार्यक्रम अनुसारको कार्य सोही आ.व.मा नै सम्पन्न गर्ने शिक्षा तथा सामाजिक विकास निर्देशनालय र सामाजिक विकास डिभिजन कार्यालयको लक्ष्य रहेको हुँदा जिल्लामा भौतिक सुधारको लागि छनौट भएका विद्यालयहरुलेहरुले चालु आ.व भित्रै तोकिएका कार्यहरु सम्पन्न गर्नु पर्नेछ ।

४.५.कक्षाकोठा तथा शौचालय निर्माण गर्दा अपागं तथा असक्त (Disable)हरुले समेत प्रयोग गर्न सक्ने गरी ह्वील चेयर (Wheel chair)जान सक्ने भिरालो बाटो (Ramp) ढोका आदिको समुचित्त व्यवस्था हुने गरी निर्माण कार्य गर्नु पर्नेछ ।

४.६.विद्यालयले प्राप्त गरेको अनुदान रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि खर्च गर्नुपर्नेछ । अन्य प्रयोजनमा खर्च भएमा खर्च लेख्ने अधिकारीबाट उक्त रकम असुल उपर गरिनेछ ।

४.७ विद्यालयले २०७८ साल बैशाष मसान्त भित्र कार्य सम्पन्न गर्नुपर्नेछ ।

४.८ पुरानो निर्माण आदिमा यो कार्यक्रमको रकम जोडेर खर्च गर्न पाइनेछैन् ।

**५ कबुलियतनामा**

विद्यालयले भौतिक पूर्वाधार विकास अन्तर्गत सामाजिक विकास डिभिजन कार्यालयको अनुदान सहयोग प्राप्तिको लागि गरिने कबुलियतनामा देहाय बमोाजिम हुनेछ ।

| **सि.नं** | **कार्यक्रमको विवरण** | संख्या | एकाई | ल.इ. रकम(रु) | साझेदारीमा स्थानीय तहले योगदान गर्ने रकम(रु) | कार्यक्रमको जम्मा अनुदान सहयोग रकम(रु) |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |

श्री.............................................विद्यालय ... .... ... ... का विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री..................................र प्रधानाध्यापक प्रमुख श्री .............................................को संयुक्त निवेदनमा स्थानीय तहबाट सिफारिस भइ सम्बन्धित विद्यालयबाट उपलब्ध कार्ययोजना बमोजिम माथि उल्लेखित कार्यहरु सामाजिक विकास डिभिजन कार्यालयबाट उपलब्ध गराइएको आर्थिक अनुदान रकम रु.....................................( अक्षरेपी रु............................................मात्र) प्राप्त गरी सम्पूर्ण शर्तहरु पालना गर्ने गरी सम्पन्न गर्न सामाजिक विकास डिभिजन कार्यालय र विद्यालय व्यवस्थापन समिति बीच यो सम्झौता गरिदियौं ।

**सम्झौता गर्ने पदाधिकारीहरु**

| सामाजिक विकास डिभिजन कार्यालयको तर्फबाट | विद्यालयको तर्फबाट |
|---|---|
| कार्यालय प्रमुख : | अध्यक्ष : |
| हस्ताक्षर : | हस्ताक्षर : |
| शाखा प्रमुख : | प्रधानाध्यापक : |
| हस्ताक्षर : | हस्ताक्षर : |
| इञ्जिनियर: | विद्यालयको नाम : |
| हस्ताक्षर : | विद्यालयको छाप : |
| कार्यालयको छाप : | |

सम्झौता सम्पन्न भएको मिति :

विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको नामावली ।

| क.सं | नाम र थर | पद | मोवाइल नम्बर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |

नोट : यस सम्झौता पत्रमा उल्लेखित विवरणहरुको विद्यालय व्यवस्थापन समितिको बैठकमा समितिका सम्पूर्ण सदस्यहरुलाई जानकारी गराउनु हुन र प्रत्येक पेजमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकले दस्तखत गरी विद्यालयको छाप समेत लगाउनुहुन अनुरोध छ ।